# प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन
विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता
अर्जुनकुमार भट्टराई
क्याम्पस रोल नं. ७२
परीक्षा रोल नं. :- २१८००३/२०६५
त्रि.वि.दर्ता नं. १७११४-८५
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०६८

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह, द्वितीय वर्ष (Ed. CE. ५९८) को आवश्यकता परिपूर्तिका लागि **प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था** शीर्षकको शोधपत्र अर्जुनकुमार भट्टराईले मेरो सल्लाह र निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समितिसमक्ष सिफारिस गर्दछु ।

श्री टोलनाथ काफ्ले
शोध निर्देशक

मिति :-

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह, द्वितीय वर्ष (Ed. CE. ५९८) को आवश्यकता परिपूर्तिका लागि **प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था र प्रभाव** शीर्षकको शोधपत्र तयार गरी स्वीकृतिका लागि पेश गर्दछु ।

मूल्याङ्कन समिति :- हस्ताक्षर

१. श्री टोलनाथ काफ्ले ...............................
(विभागिय प्रमुख तथा शोध निर्देशक)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२. श्री शान्तिराम दाहाल .................................
स. प्राध्यापक
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

३. .................................. ..................................
(वाह्य सुपरिवेक्षक)

मिति :- २०६८ । ।

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायअन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि तयार पारिएको हो । यो शोध **प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था** शीर्षकमा केन्द्रित भएर तयार गरिएको छ ।

शोधपत्रको तयारीका क्रममा समयसमयमा आफ्नो अमूल्य समय प्रदान गरी मार्ग निर्देशन गरी यस शोधको प्रारुप तयार पारी अध्ययन कार्यलाई सफल पार्न सहयोग, सल्लाह र कुशल निर्देशन गर्नुहुने विभागिय प्रमुख तथा शोध निर्देशक श्री टोलनाथ काफ्लेज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस अध्ययनको क्रममा आइपरेका समस्याहरू समाधान गर्न, सामग्री सङ्कलन र अमूल्य राय सुझाव प्रदान गर्नुहुने आदरणीय सरहरू स.प्रा. श्री राजन शर्मा र श्री शान्तिराम दाहालज्यूहरूमा आभार व्यक्त गर्दछु । तथ्याङ्क सङ्कलनका लागि सहयोग गर्नुहुने श्री मैवाखोला उ.मा.वि.का स्रोत शिक्षक श्री चूडामणि भट्टराई र अध्ययनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण विद्यालयका प्र.अ.तथा शिक्षकज्यूहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा यो शोधपत्र टंकन गरी सहयोग गर्नुहुने नेहा कम्प्युटरकी श्री रन्जना अधिकारीलाई धन्यवाद दिन चाहन्छु ।

अर्जुनकुमार भट्टराई

२०६८

# शोधसार

**"प्राथमिक तहमा उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था"** शीर्षकअन्तर्गत ताप्लेजुङ्ग जिल्ला मैवाखोला उ.मा.वि. स्रोत केन्द्रका ३ वटा गा.वि.स.हरू (ढुङ्गेसाँघु, साँघु र सन्थाक्रा) मा अध्ययन गरिएको थियो । अध्ययनमा प्रत्येक गा.वि.स.हरूबाट पर्नेगरी ८ वटा विद्यालयलाई नमुनाको रूपमा लिइएको थियो । अध्ययन विद्यालय शिक्षक तथा प्रधानाध्यापकहरूको उदार कक्षोन्नतिसम्बन्धी धारणा कार्यान्वयनको अवस्था र यसको प्रभाव तथा समस्याहरू बुझ्न र समस्याहरूको समाधानका उपायहरू पत्ता लगाउने उद्देश्यले गरिएको थियो । यस अध्ययनका लागि शिक्षक र प्रधानाध्यापकहरूका लागि प्रश्नावली तथा अन्तर्वाता निर्देशिका बनाई तथ्याङ्क सङ्कलन गरिएको थियो । स्रोत शिक्षक र अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका र समुह छलफल निर्देशिका निर्माण गरी प्रथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो । विभिन्न प्रतिवेदन, शोध पुस्तक, पत्रिका, लेख, रचना र अभिलेखको अध्ययनबाट सहायक सूचना सङ्कलन गरी गुणात्मक तथा परिमाणात्मक विधि अपनाई व्याख्या, विश्लेषण गरिएको थियो ।

यस अध्ययनले उदार कक्षोन्नतिको अवधारणा र कार्यान्वयनमा शिक्षक र प्रधानाध्यापकहरूले निरन्तर मूल्याङ्कनलाई प्रक्रियाका रूपमा प्रयोग गरेको पाइयो । करिब ७५% शिक्षकहरू उदार कक्षोन्नतिबाट सिकाइ उपलब्धि राम्रो भएको भन्ने पक्षमा पाइयो । बाँकि शिक्षकहरू यस विधिबाट मूल्याङ्कन गर्दा सिकाइ उपलब्धि खस्कने भन्ने पाइयो । अभिभावकहरूले उदार कक्षोन्नतिको अवधारणा राम्रो रहे पनि कार्यान्वयनको प्रक्रिया फितलो रहेकाले शैक्षिक स्तर खस्केको गुनासो गरे । जस्तै गृहकार्य नदिने र दिए पनि नहेरिने, बालकको प्रगति विवरण नदिने, बालकको क्रियाकलापको बारेमा छलफल नगर्ने, बालकको पढ्ने बानी हराउँदै गएको, नपढी कक्षा चढाइएको आदि जस्ता गुनासाहरू गरेका थिए ।

उदार कक्षोन्नतिको कार्यान्वयनका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाउन धेरै शिक्षकहरू सहमत भए पनि यसका ५ वटा मापदण्डहरूलाई व्यवहारिक रूपमा प्रयोग गर्न सकेको देखिएन । आंशिक रूपमा विद्यार्थी कार्य सञ्चयिका निर्माण गरी प्रयोग गरिए पनि शिक्षकमा दक्षताको कमिका कारण पूर्ण रूपमा प्रयोग गर्न नसकेको

पाइयो । यसका लागि हालसम्म शिक्षकलाई दिएको प्राविधिक सहयोग कम रहेको र थप प्राविधिक सहयोग दिनुपर्ने पाइयो । सबै विद्यालयहरूले त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाहरू लिए पनि यसलाई मूल्याङ्कन प्रकृयाका रूपमा राम्ररी प्रयोग नगरेको पाइयो । उदार कक्षोन्नतिका मापदण्डहरू ७०% हाजिरी पुगेको, विशेष दक्षता भएकालाई शैक्षिक सत्र सुरु भएको ३ महिनाभित्रै कक्षा उकास्न सकिने कुरालाई प्रयोग नगरेको र कक्षा उकासिएको भेटिएन ।

पाठ्यक्रमले तोकेको मूल्याङ्कन फारमलाई शिक्षकहरूले पूर्णरूपमा प्रयोग गर्न सकेका छैनन् । उनीहरूले औपचारिकताको रूपमा मात्र रेकर्ड राख्ने गरेको पाइयो । उदार कक्षोन्नतिको प्रभाव आर्थिक लगानी, विद्यार्थीको समयको महत्त्व, अभिभावकको चाहना, विद्यार्थी परीक्षा त्रासबाट मुक्ति पाउने आदि कामबाट सकारात्मक रूपमा रहेको पाइएता पनि शिक्षकहरूलाई दिइएको निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति तालिम र अभिमूखिकरण पर्याप्त नहुनु, विद्यालयको भौतिक र व्यवस्थापकीय पक्ष कमजोर रहनु, अनुगमन र निरिक्षण कार्य प्रभावकारी नहुनु, शिक्षकमा उत्साहको कमी आदि पक्षहरू समस्याको रूपमा देखियो । यस्ता समस्याहरू समाधान गर्न शैक्षिक सत्रको सुरुमा नै शिक्षक तालिम र अभिमुखिकरण कर्या सञ्चालन गर्नुपर्ने, विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार गरिनु पर्ने, प्र.अ., स्रोत शिक्षक र शिक्षा कार्यालयबाट प्रभावकारी अनुगमन र निरीक्षण गरी सहजीकरण गर्नुपर्ने, निरन्तर मूल्याङ्कनका मापदण्डका सूचकहरू निर्धारण हुनुपर्ने, सुझावहरू प्र.अ., वि.नि. र स्रोत व्यक्तिले दिनु भएको थियो । उदार कक्षोन्नति मूल्याङ्कनबाट विविध पक्षमा सकारात्मक प्रभाव देखिएकोले सरोकारवाला सबै पक्षलाई उक्त कुराको जानकारी दिइनुपर्ने धारणा पाइयो ।

# विषयसूची


| | पेज नं. |
|---|---|
| शीर्षक पेज | (क) |
| सिफारिस पत्र | (ख) |
| स्वीकृति पत्र | (ग) |
| कृतज्ञता ज्ञापन | (घ) |
| शोधसार | (ङ) |
| विषयसूची | (छ) |
| तालिकाहरूको सूची | (ञ) |
| चित्रहरूको सूची | (ञ) |
| संक्षिप्त शब्दावली | (ट) |
| **अध्याय - एक** | |
| परिचय | |
| १.१ प्राथमिक शिक्षाको विकास र वर्तमान अवस्था | १ |
| १.२ प्राथमिक तहमा मूल्याङ्कन प्रक्रिया | २ |
| १.३ निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति | ३ |
| १.३.१ उदार कक्षोन्नति मूल्याङ्कनका तरिकाहरू | ४ |
| १.४ समस्याको कथन | ५ |
| १.५ अध्ययनको औचित्य | ६ |
| १.६ अध्ययनको उद्देश्य | ७ |
| १.७ अध्ययनको परिसीमा | ७ |
| १.८ शब्दावलीहरूको अर्थ र परिभाषा | ८ |
| **अध्याय - दुई** | |
| सैद्धान्तिक अवधारणा र पूर्वसाहित्यको समीक्षा | |
| २.१ उदार कक्षोन्नतिको सैद्धान्तिक अवधारणा | ९ |
| २.२ पूर्व साहित्यको समीक्षा | १० |
| २.२.१ मूल्याङ्कनको सन्दर्भमा विभिन्न आयोगहरूले दिएका सुझावहरू | १० |
| २.२.२ मूल्याङ्कनको सन्दर्भमा नेपाल सरकारले गरेका प्रयासहरू | १२ |
| २.२.३ विभिन्न संस्था र व्यक्तिले गरेका अध्ययनहरू | १३ |

## अध्याय - तीन

अध्ययन विधि


३.१ अध्ययनको ढाँचा १५

३.२ जनसङ्ख्या १६

३.३ नमुना छनोट विधि १६

३.३.१ विद्यालय छनोट १६

३.३.२ शिक्षक छनोट १६

३.३.३ अभिभावकहरूको छनोट १६

३.३.४ स्रोत शिक्षक र वि.नि. छनोट १६

३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू १७

३.४.१ प्राथमिक स्रोतहरू १७

३.४.२ द्वितीय स्रोतहरू १७

३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण १७

३.५.१ प्रश्नावली १७

३.५.२ अन्तर्वार्ता निर्देशिका १८

३.५.३ लक्षित समूह छलफल निर्देशिका १८

३.५.४ अवलोकन फारम १८

३.६ साधनहरूको वैधता १८

३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया १९


अध्याय -चार

तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ उदार कक्षोन्नति सम्बन्धी सरोकारवालाहरूको अवधारणाको विश्लेषण २०

४.१.१ निरन्तर मूल्याङ्कन प्रणाली २१

४.१.२ उदार कक्षोन्नतिको अर्थ र कार्यान्वयन प्रक्रिया २३

४.१.३ उदार कक्षोन्नतिका लागि आवश्यक तयारीको अवस्था विश्लेषण २८

४.१.४ उदार कक्षोन्नतिको सकारात्मक प्रभावहरू ३०

४.१.५ उदार कक्षोन्नतिसम्बन्धी नीति नियम र यसको पर्याप्तता र उपयुक्तता विश्लेषण ३२

४.२ उदार कक्षोन्नति मूल्याङ्कन कार्यान्वयनको अवस्था विश्लेषण ३४

४.२.१ उदार कक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कनका आधार र प्रयोगका अवस्था विश्लेषण ३४
४.२.२ विद्यार्थीको कार्य सञ्चयिका वा प्रगति विवरणको निर्माण र प्रयोग अवस्था ३६
४.२.३ सिकाइमा स्तर वृद्धिगर्न अपनाइएका सुधारका उपायहरूको अवस्था विश्लेषण ३९
४.२.४ उदार कक्षोन्नतिका आधार, मापदण्डहरूको प्रयोग र यसको अभिलेखिकरण विश्लेषण ४१
४.२.५ उदार कक्षोन्नतिमा विद्यार्थीहरूको श्रेणी विभाजनको आधार र यसको उपयुक्तता विश्लेषण ४५
४.३ उदार कक्षोन्नति मूल्याङ्कन प्रकृयामा समस्याहरू ४७
४.३.१ शिक्षकले औंल्याएका समस्याहरू ४७
४.३.२ प्र.अ.हरूले औंल्याएका समस्याहरू ४८
४.३.३ वि.नि. तथा स्रोत शिक्षकले देखाएका समस्या ४८
४.४ उदार कक्षोन्नति मूल्याङ्कनका प्रक्रियामा देखिएका समस्या समाधान गर्नका लागि प्र.अ., स्रोत शिक्षक र विनिहरूले व्यक्त गरेका सुझावहरू ४९
४.५ उदार कक्षोन्नति प्रणालीको प्रभावको अध्ययन ५०
४.५.१ विद्यार्थी हाजिरीमा प्रभाव ५१
४.५.२ कक्षाकार्य र गृहकार्यमा प्रभावको विश्लेषण ५२
४.५.३ विद्यार्थीहरूले कक्षा दोहोऱ्याउने दरमा प्रभावमा विश्लेषण ५२
४.५.४ बीचैमा विद्यालय छोड्ने दरमा प्रभाव विश्लेषण ५३
४.५.५ अन्य क्षेत्रमा प्रभाव विश्लेषण ५३

अध्याय - पाँच

प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ५५
५.२ निष्कर्ष ५७
५.३ सुझावहरू ५९
सन्दर्भसूची
परिशिष्टहरू

## तालिकाहरूको सूची


| तालिका नं. | तालिका शीर्षक | पेज नं. |
|---|---|---|
| १. | तथ्याङ्क सङ्कलन तथा विश्लेषण तालिका | १५ |
| २. | निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा अभिभावक, शिक्षक र प्र.अ.को धारणा | २३ |
| ३. | उदार कक्षोन्नति गर्दा अपनाउनु पर्ने तरिकाबारे शिक्षकको अवधारणा | २५ |
| ४. | पाठ्यक्रमले तोकेको सकारात्मक पक्षमा सहमत शिक्षक तथा प्र.अ.विवरण | ३१ |
| ५. | पाठ्यक्रमले तोकेको मापदण्ड प्रयोगको अवस्था | ३५ |
| ६. | कार्य सञ्चयिका निर्माण र प्रयोगको अवस्था | ३७ |
| ७. | पाठ्यक्रमले तोकेको कार्य सञ्चयिकामा समेटिने पक्षहरूको प्रयोगको अवस्था | ३८ |
| ८. | सिकाइ स्तर वृद्धिगर्न अपनाइने सुधारका उपायहरूको अवस्था | ४० |
| ९. | उदार कक्षोन्नति गर्न मापनका तरिकाहरूको प्रयोगको अवस्था | ४१ |
| १०. | शिक्षकले उदार कक्षोन्नति गर्ने मूल्याङ्कन समय | ४३ |
| ११. | निरन्तर मूल्याङ्कन अभिलेखिकरण समय तालिका | ४४ |
| १२. | श्रेणी विभाजन तरिका र प्रयोगको अवस्था | ४६ |
| १३. | विद्यार्थी हाजिरी | ५१ |
| १४. | विद्यार्थीले कक्षा दोहोऱ्याउनेमा प्रभाव | ५२ |
| १५. | बीचैमा विद्यालय छाड्ने दरमा प्रभाव | ५३ |


## चित्रहरूको सूची


| | | |
|---|---|---|
| १. | उदार कक्षोन्नति अपनाउने शिक्षकहरूको सङ्ख्या | २५ |
| २. | पाठ्यक्रमले तोकेको मापदण्ड प्रयोगको अवस्था | ३५ |
| ३. | शिक्षकले उदार कक्षोन्नति गर्ने मूल्याङ्कन समय | ४३ |
| ४. | निरन्तर मूल्याङ्कन अभिलेखिकरण | ४४ |

## शब्दावलीहरूको अर्थ र परिभाषा

| | | |
|---|---|---|
| वि.व्य.स. | : | विद्यालयको रेखदेख तथा व्यवस्थापन गर्न अभिभावकहरूद्वारा गठन गरिएको विद्यालय व्यवस्थापन समिति । |
| पि.टि.डि. | : | शिक्षकको पेशागत विकास |
| एम.जि.टि. | : | बहुकक्षा शिक्षण |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| पि.टि.ए. | : | शिक्षक अभिभावक संघ |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| प्र.अ. | : | प्रधानाध्यापक |